# मानवरहित हवाई उपकरण [REMOTELY PILOTED AIRCRAFT (RPA)] POPULARLY KNOWN AS 'DRONE'उडान सम्बन्धी कार्यविधि, २०७५

नेपाल सरकार

गृह मन्त्रालय

माघ, २०७५

# विषय-सूची

१. प्रस्तावना........................................................................1
२. परिभाषा........................................................................1
३. उद्देश्य........................................................................1
४. उडान उपकरण दर्ता गर्नुपर्ने........................................................................२
५.RPA/ Drone को बर्गिकरण........................................................................२
६. RPA/Drone उडानका अन्तरसम्बन्धित पक्षहरु........................................................................२
७. RPA/Drone उडानको वर्गीकरण........................................................................३
८. संवेदनशीलताका आधारमा RPA/Droneउडानका क्षेत्रहरुको वर्गीकरण........................................................................३
९. RPA/Drone Pilot को योग्यता तथा तालिम सम्बन्धी व्यवस्था:........................................................................३
१०. RPA/Droneउडान गर्ने समय: ........................................................................३
११. RPA/Droneको उडान गर्न निषेधित/नियन्त्रित क्षेत्र:........................................................................४
१२.उडान इजाजतका लागि निवेदन दिनुपर्ने........................................................................४
१३. उडान अनुमति नवीकरण:........................................................................५
१४. उडान अनुमति लिनु नपर्ने:........................................................................५
१५. इजाजतपत्रको खारेजी........................................................................६
१६. उडान सम्बन्धी शर्तहरु:........................................................................६
१७. उडान सम्बन्धी शर्त पालना नगरेमा हुने कारवाही सम्बन्धी व्यवस्था: ........................................................................७
१८. निरीक्षण तथा अनुगमन ........................................................................८
१९. खारेजी र बचाउ:........................................................................८
अनुसुचीहरु........................................................................९

सचिव

मानवरहित हवाई उपकरण [**REMOTELY PILOTED AIRCRAFTS (RPA)**

**POPULARLY KNOWN AS DRONE**] उडान सम्बन्धी कार्यविधि, २०७५

स्वीकृत मिति: २०७५/११/३

१. प्रस्तावना

सूचना प्रविधिमा भएको विकास सँगै व्यक्तिगत तथा संस्थागत तवरबाट विश्वव्यापी रुपमा कृषि, शिक्षा, स्वास्थ्य, वन, वातावरण, भूगोल, कला संस्कृति, मनोरन्जन, विकास तथा विपद् व्यवस्थापन, सुरक्षा तथा आमसञ्चार जस्ता विषयहरुमा अध्ययन अनुसन्धान, सूचना संकलन, सर्वेक्षण तथा नक्सांकन/छायाँङ्कन गरी फिल्म तथा अन्य श्रव्य दृश्य सामाग्री तयार गर्ने लगायत विभिन्न उद्देश्यहरु लिई REMOTELY PILOTED AIRCRAFTS (RPA)/ Drone, Flying Camera लगायतका उपकरणहरु प्रयोग गर्ने प्रचलन बढ्दै आएको छ ।

पूर्वाधार विकास तथा स्रोत नक्साङ्कनका लागि RPA/Drone को प्रयोग स्थानीय स्तरमा समेत बढ्दै गएको सन्दर्भमा सुरक्षा व्यवस्थामा असर नपुग्ने गरी उडान अनुमति र अन्य नियमन सम्बन्धी व्यवस्थालाई अद्यावधिक गर्न आवश्यक भएकोले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी मानवरहित हवाई उपकरण **(REMOTELY PILOTED AIRCRAFTS(RPA)/Drone)** उडान सम्बन्धी कार्यविधि, २०७५" जारी गरिएको छ ।

२. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) कार्यविधि भन्नाले 'मानवरहित हवाई उपकरण Remotely Piloted Aircrafts RPA/Drone) उडान सम्बन्धी कार्यविधि, २०७५' बुझ्नु पर्दछ ।

ख) RPA भन्नाले Remotely Piloted Aircrafts बुझ्नु पर्दछ ।

ग) UAS भन्नाले Unmanned Aircraft System बुझ्नु पर्दछ ।

घ) UIN भन्नाले Unique Identification Number बुझ्नु पर्दछ ।

ङ) AGLभन्नाले Above Ground Level बुझ्नु पर्दछ ।

च) UAV भन्नाले Unmanned Aerial Vehicleबुझ्नु पर्दछ ।

३. उद्देश्य

RPA/Drone उडानलाई व्यवस्थित र सुरक्षित बनाउन देहाय बमोजिमका उद्देश्यहरु राखिएको छः

क) RPA/Drone उडानलाई कानून बमोजिम नियमन गर्ने ।

ख) RPA/Drone को प्रयोगलाई सहज बनाउने ।

४. उडान उपकरण दर्ता गर्नुपर्ने

जुनसुकै उद्देश्यले प्रयोगमा आउने उडान उपकरणहरु नेपाल नागरिक उड्डयन प्राधिकरणमा दर्ता गरी उडान उपकरण दर्ता नम्वर (Unique Identification Number -UIN) लिनुपर्नेछ। UIN प्राप्त गर्नका लागि देहायका कागजातहरु सहित नेपाल नागरिक उड्डयन प्राधिकरणमा निवेदन दिनुपर्नेछ। नागरिक उड्डयन प्राधिकरणले तोकिए बमोजिम RPA/Drone, Flying Camera आदि Unmanned Aircraft System सम्वन्धी उपकरणको दर्ता गरी उडान उपकरण दर्ता नम्वर (Unique Identification Number -UIN) उपलब्ध गराउनेछ ।

क) व्यक्तिको हकमा नागरिकता वा राहदानीको प्रतिलिपि र संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्र,

ख) उडान उपकरण सञ्चालनको उद्देश्य,

ग) उपकरणको स्पेशिफिकेसन र म्यानुअलको प्रतिलिपी,

घ) नेपालमा खरिद गरेको उडान उपकरणको हकमा कर विजक र विदेशबाट खरिद गरी ल्याएको उपकरणको हकमा भन्सार विजक,

उडान उपकरण दर्ता गरी UIN प्राप्त गरेपछि सो नम्वर उल्लेख गरी सुरक्षित प्लेट वा आइडि ट्याग वा सिम तयार गरी उपकरणमा टाँस्नुपर्नेछ। RPA/Drone आयात सम्वन्धी फाराम तोकिए बमोजिम हुनेछ।

५.**RPA/ Drone** को बर्गिकरण

RPA/Droneको वनोट, अधिकतम उडान तौल क्षमता (Maximum Take-off Weight)का आधारमा RPA/Droneको वर्गीकरण देहाय अनुसार गरिएको छः

क) Category A — "Very Low-Risk" Operations: २५० ग्राम सम्म अथवा सो भन्दा कम तौल भएका RPA/Drone "Category A" अन्तर्गत पर्दछन।

ख) Category B — "Low-Risk" Operations: २५० ग्राम देखि २ (दुई) के.जी. सम्म तौल भएका RPA/Drone"Category B" अन्तर्गत पर्दछन।

ग) Category C — "Regulated, Low Risk" Operations: २ (दुई) के.जी. देखि २५ (पच्चीस) के.जी. सम्म तौल भएका RPA/Drone "Category C" अन्तर्गत पर्दछन।

घ) Category D — "Regulated, High Risk" Operations: २५ (पच्चीस) के.जी. भन्दा बढी तौल भएका RPA/Drone "Category D" अन्तर्गत पर्दछन।

६. **RPA/Drone** उडानका अन्तरसम्बन्धित पक्षहरु

- RPA/Drone को Manufacturing/Technical Specification
- RPA/Drone उडानको लागि आवश्यक Frequency र नागरिक उड्डयन सुरक्षा चासो
- RPA/Drone उडानबाट सार्वजनिक, पुरातात्विक, धार्मिक, ऐतिहासिक, साँस्कृतिक एवं व्यक्तिगत सुरक्षा र गोपनीयतामा पर्न सक्ने असर
- सैनिक वा सामरिक प्रभाव



२०७५/१०/२५

७. **RPA/Drone उडानको वर्गीकरण**

कार्य वा उद्देश्यका आधारमा RPA/Drone उडानलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः

क) अध्ययन, खोज तथा अनुसन्धान कार्य

ख) विपद् व्यवस्थापनसँग सम्बन्धित कार्य

ग) सेवा प्रवाह तथा विकास व्यवस्थापनसँग सम्बन्धित कार्य

घ) कला, साहित्य, धार्मिक, साँस्कृतिक, पर्यटकीय एवं मनोरञ्जन सम्बन्धी कार्य

ङ) आमसञ्चार सम्बन्धी कार्य

च) सैनिक तथा सुरक्षा प्रयोजन सम्बन्धी कार्य

८. **संवेदनशीलताका आधारमा RPA/Droneउडानका क्षेत्रहरुको वर्गीकरण**

क) सामान्यः मानव बस्तिरहित ईलाका, संरक्षित वा नियन्त्रित क्षेत्र बाहेकका खुल्ला क्षेत्र

ख) मध्यमः बस्ती, समुदाय,संरक्षित वा आरक्षित क्षेत्र,

ग) संवेदनशीलः सरकारी निकाय, कुटनीतिक नियोग वा प्रतिष्ठान रहेको इलाका, अस्पताल, स्वास्थ्य केन्द्र, धार्मिक, साँस्कृतिक, पुरातात्विक र ऐतिहासिक महत्वका इलाका, हवाई मार्ग/हवाई उड्डयन सञ्चालन क्षेत्र, विमानस्थल क्षेत्र, सैनिक वा सुरक्षा निकाय रहेको इलाका ।

९. **RPA/Drone Pilot को योगयता तथा तालिम सम्बन्धी व्यवस्थाः**

RPA/Drone उडान गर्ने व्यक्तिले न्यूनतम देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछः

क) १८ वर्ष उमेर पूरा गरेको,

ख) रेडियो फ्रिक्वेन्सी सम्बन्धी आधारभूत ज्ञान वा तालिम प्राप्त गरेको,

ग) उडान उपकरण सम्बन्धी प्राविधिक ज्ञान भएको,

घ) उडान नियन्त्रण, अवतरण सम्बन्धी आधारभूत ज्ञान भएको,

ङ) उडान गर्ने क्षेत्रको आधारभूत ज्ञान (पुरातात्विक, धार्मिक, सामाजिक/सामरिक लगायतका संवेदनशीलता),

च) नियन्त्रित क्षेत्र सम्बन्धी ज्ञान भएको।

व्यवसायिकरुपमा Drone उडान गर्न ईच्छुक व्यक्ति वा संस्थाको हकमा उपरोक्त योगयता पुगे/नपुगेको विषयमा नागरिक उड्डयन प्राधिकरणबाट मूल्यांकन तथा परिक्षण गर्ने व्यवस्था हुनेछ ।

१०. **RPA/Drone उडान गर्ने समयः**

देहायका समय प्रतिकूल हुने गरी उडान गर्न पाइने छैनः

क) दिनको उज्यालो (Daylight) अवधीभर (सूर्योदय देखि सूर्यास्तसम्म)

ख) Ground Visibility ५ किलोमिटर र Cloud Ceiling ४५० मिटर न्यूनतम रहेको अवस्था

ग) सतह वायुको बहाव १० knots भन्दा बढी नभएको।



२०७५।१।२८

घ) पानी, असिना, हिमपात, चटंयाङ्ग नभएको अवस्था ।

**११. RPA/Drone उडान गर्न निषेधित/नियन्त्रित क्षेत्र:**

नेपाल सरकारले उडानका लागि नियन्त्रित भनी तोकिएका ईलाका अतिरिक्त देहायका स्थान, क्षेत्र वा परिधी भित्र तोकिएको अवस्था बाहेक सामान्यतया उडान गर्न अनुमती दिइने छैन:

क) विमानस्थल क्षेत्र आसपासको ५ किलोमिटरको क्षेत्र अथवा विमानहरुको सुरक्षार्थ उचाई सुरक्षित गरिएका हवाईमार्ग (Air-route) ।

ख) अन्तराष्ट्रिय सीमानाको ५ किलोमिटर(Horizontal Distance) सम्मको क्षेत्र ।

ग) काठमाण्डौं उपत्यकाका माईतीघर मण्डला, स्वयम्भूनाथ, पशुपतिनाथ, बौद्धनाथ, बुढानीलकण्ठ, दरवार स्क्वायर क्षेत्र (भक्तपुर, पाटन र काठमाण्डौं) लगायतका धार्मिक तथा पुरातात्विक सम्पदा क्षेत्र, सिंहदरबार क्षेत्र, राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री लगायत अति विशिष्ट पदाधिकारीहरुको कार्यालय एवं निवास रहेको क्षेत्रको १००० मिटरको Aerial Radius Distance र उपत्यका बाहिर स्थानीय प्रशासन वा अधिकार प्राप्त निकायले निर्धारण गरे अनुसारका धार्मिक, पुरातात्विक, ऐतिहासिक वा नियन्त्रित भनी तोकिएका क्षेत्रहरु ।

घ) सैनिक वा सुरक्षा निकायको मुख्यालय, तालिम केन्द्र अवस्थित क्षेत्रको १००० मि. र अन्य सुरक्षा इकाई रहेको ५०० मिटरको Aerial Radius Distance आसपास ।

ङ) पर्यावरणीय र जैविक महत्वको दृष्टिले संरक्षित क्षेत्र, आरक्ष, खनिज तथा भौगर्भिक स्रोत रहेको क्षेत्र ।

च) सुरक्षा कारवाही भईरहेको दंगाग्रस्त क्षेत्र

छ) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका सरकारहरुले समय समयमा सूचना मार्फत तोकेका नियन्त्रित क्षेत्रहरु

**१२.उडान इजाजतका लागि निवेदन दिनुपर्ने**

RPA/Drone, Flying Camera लगायतका उपकरणहरु उडान गर्न चाहने व्यक्ति वा संस्थाले उडान स्वीकृति लिन निम्नानुसारका कागजातहरु संलग्न गरी तोकिएको ढाँचामा तोकिएको निकायमा निवेदन पेश गर्नु पर्नेछ। उडान ईजाजत पत्रको अवधि ईजाजत पत्र जारी भएको मितिबाट बढीमा ३ (तीन) महिना हुनेछ ।

क) नागरिक उड्डयन प्राधिकरणमा उपकरण दर्ता गरेको प्रमाणपत्र र प्राधिकरणको उडान सहमति पत्र

ख) उडानको स्पष्ट उद्देश्य र उडान गर्न चाहेको क्षेत्र तथा स्थान सम्बन्धी विवरण (Flight Details, Google/Flight Location Map), उडान शुरु गर्ने र सम्पन्न गर्ने अवधि खुलेको हुनु पर्नेछ ।

ग) बिदेशी व्यक्ति वा संस्थाको हकमा स्थानीय व्यक्ति वा एजेन्सीलाई दिईएको अधिकार-पत्र (Authorization Letter)

घ) RPA उडान गर्ने व्यक्तिको बायोडाटा, नागरिकता वा राहदानी र बिदेशी व्यक्तिको हकमा Valid Visa,

ङ) शर्त पालना सम्बन्धी उडानकर्ताको प्रतिबद्धता

च) **Category"A"** र **Category"B"** का RPA/Droneबढीमा AGL २०० फिटसम्म उडान अनुमतिका लागि उपरोक्त कागजात सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा र अन्यको हकमा नेपाल सरकार, गृह मन्त्रालयमा निवेदन दिनु पर्नेछ । उडान अनुमति दिंदा देहायका विषयहरु यकीन गर्नुपर्नेछ ।

अ) RPA/Drone उडानबाट दूरसञ्चार प्रणाली, सुरक्षा निकाय र हवाई उड्डयन कार्यालयहरुले प्रयोग गरेको फ्रिक्वेन्सीमा कुनै असर पर्ने/नपर्ने विषय,

आ) विमानस्थलक्षेत्र, हवाईमार्ग, अन्तर्राष्ट्रिय सीमा इलाका, सैनिक क्षेत्र, पुरातात्विक, धार्मिक, ऐतिहासिक संवेदनशील, संरक्षित क्षेत्र, घना मानव बस्ती, खनिज वा भौगोलिक सम्पदा क्षेत्र, सरकारी निकाय, आवास, अस्पताल वा व्यक्तिगत गोपनीयताको अधिकार लगायत सार्वजनिक सुरक्षामा पर्न सक्ने प्रभाव

इ) सरकारले निषेधित वा नियन्त्रित भनी तोकिएका क्षेत्रमा पर्न सक्ने प्रभाव, उडान गर्ने इलाकाको सामाजिक, साँस्कृतिक संवेदनशीलता ।

ई) जिल्ला प्रशासन कार्यालयले ड्रोन उडान अनुमति जारी गर्दा उक्त जिल्लामा नागरिक उडडयन सम्वन्धी कार्यालय रहेको भए सो कार्यालयसँग समन्वय गरी मात्र उडान अनुमति जारी गर्नु पर्नेछ ।

१३. उडान अनुमति नवीकरणः

उडान अनुमति म्याद थप गर्नुपर्ने कारणसहित निवेदन प्राप्त भई व्यहोरा मनासिव देखिएमा उडान अनुमति दिने निकायले बढीमा ३ (तीन) महिना अवधिको लागि म्याद थप गर्न सक्नेछ।

१४. उडान अनुमति लिनु नपर्नेः

(क) **Category "A"**र **Category "B"**काबढीमा २ केजी सम्म तौल भएका **REMOTELY PILOTED AIRCRAFTS (RPA)**कुनै शैक्षिक अध्ययन केन्द्र वा विश्वविद्यालयको परिधीभित्र सम्बन्धित शैक्षिक संस्था वा अध्ययन केन्द्रको पूर्व स्वीकृती लिई बढीमा २०० फिट उचाईमा उडान गर्दा उडान अनुमति आवश्यक पर्ने छैन । यस प्रकारको उडानमा सम्बन्धित उडानकर्ताले नै उडानको सञ्चालन र सुरक्षा सम्बन्धी सम्पूर्ण जिम्मेवारी लिनुपर्नेछ । यस्तो क्षेत्रमा उडान गर्नु भन्दा अगाडि नजिकैको प्रहरी वा सुरक्षा इकाईलाई अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ । व्यक्तिगत गोपनीयतामा आँच पुग्ने गरी वा यस कार्यविधिका अन्य प्रावधान विपरित हुने गरी भने उडान गर्न पाइने छैन ।

(ख) नेपाल सरकारका संघीय, प्रादेशिक तथा स्थानीय तहका सरकारी कार्यालयहरुले सरकारी कार्य प्रयोजनका लागि **Category "A"**र **Category "B"**को RPA/Drone बढीमा २०० फिट AGL(Above Ground Level) सम्म स्थानीय प्रशासन/प्रहरीलाई पूर्व जानकारी दिई उडान गर्न सक्नेछन् ।

*(सरकारी कार्यालय भन्नाले संघ, प्रदेश र स्थानीय सरकारको पूर्ण स्वामित्व वा सरकारी नियन्त्रणमा सञ्चालित संस्थान, आयोजना वा कार्यालय भन्ने बुझाउँदछ।)*

(ग) व्यक्तिगत तवरबाट आयोजना गरिने कार्यक्रम, साँस्कृतिक, धार्मिक वा परम्परागत पर्व/उत्सव (Ceremony) हरुमा मनोरञ्जन प्रयोजन (Recreational Purpose) का लागि आफ्नो घर वा क्षेत्रभित्र स्थानीय प्रहरीलाई जानकारी गराई **Category "A"**को बढीमा ५० ft. AGL मा RPA/Drone उडान गर्दा उडान अनुमती लिनु पर्ने छैन । तर RPA/Drone उडान सम्वन्धी निर्धारित अन्य शर्तहरु पालना गर्नु पर्नेछ । साथै यसबाट सुरक्षा व्यवस्थामा खलल पु-याउन पाइने छैन ।

१५. इजाजतपत्रको खारेजी

RPA उडान गर्ने व्यक्ति वा संस्थाले यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको उल्लंघन गरेमा उडान अनुमति दिने निकायले त्यस्तो व्यक्ति वा संस्थाको इजाजत खारेज गर्नेछ।

१६. उडान सम्बन्धी शर्तहरुः

RPA/Drone उडानका लागि देहाय बमोजिमका शर्तहरु अनिवार्य रुपमा पालना गर्नुपर्ने छ ।

(क) RPA/Droneउडानका लागि फ्रिक्वेन्सीका सम्बन्धमा अनुमति सन्चार तथा सूचना प्रविधि मन्त्रालय र उडानको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वीकृति हुनु पर्ने ।

(ख) धार्मिक तथा सांस्कृतिक सम्पदा, सुरक्षासँग संवेदनशील स्थानहरु र हवाई मार्गलाई असर नपर्ने गरी Air Worthiness मा रही उडान अनुमति माग गर्नु पर्ने र व्यक्तिको गोपनीयता भङ्ग हुने तथा शान्ति सुरक्षामा खलल पुग्ने गरी RPA/Droneउडान अनुमति दिइने छैन ।

(ग) RPA/Drone, Flying Camera उडान अनुमतिका लागि व्यक्ति/संस्थाको विवरण, Drone Details, Purpose, Flight Duration तथा Flight Details अनिवार्य रुपमा सम्बन्धित व्यक्ति/संस्थाले पेश गर्नु पर्नेछ ।

(घ) सुरक्षा निकाय तथा अन्य संवेदनशील क्षेत्र/इलाकाको १ कि.मी Aerial Radial Distance मा RPA/Drone, Flying Camera उडान गर्न पाइने छैन । ती इलाकामा उडान भएको पाईएमा सुरक्षा निकायले त्यस्ता RPA/Drone नियन्त्रणमा लिई जफत गरी कानून बमोजिम कारवाही समेत गर्न सक्नेछ ।

(ङ) RPA/Drone को उडान अनुमति लिई सकेको भएता पनि उडान गर्दाका समयमा स्थानीय प्रशासनलाई उडान सम्वन्धी विषयमा अनिवार्य जानकारी गराउनु पर्नेछ । सुरक्षा निकायले माग गरेको खण्डमा ड्रोन मार्फत खिचिएका श्रव्यदृश्यहरु उपलब्ध गराउनु पर्नेछ ।

(च) RPA/Drone नियन्त्रणमा तीन प्रकारका विधिहरु प्रचलनमा रहेको पाईन्छ । पहिलो स्वचालित, दोस्रो Programmable र तेस्रो Radio Transmission को माध्यमबाट Remote Control Device बाट RPAनियन्त्रण गरिन्छ । स्वचालित RPAलाई IACO ले प्रतिबन्ध लगाएको अवस्था नेपालमा पनि स्वचालित RPA उडान गर्न पाइने छैन ।

(छ) प्रकोप इलाकामा खोज, उद्धार र राहत कार्यमा RPA/Drone ले सूचना सञ्चारमा प्रभावित गर्न सक्ने हुँदा प्रकोप घटेको समयमा तत्काल अनुमति विना RPA/Drone उडान गर्न पाइने छैन ।



२०७५/१०/२२

नेपाल सरकार
गृह मन्त्रालय

(ज) व्यक्तिगत घर जग्गा माथि, सार्वजनिक इलाका, धार्मिक, साँस्कृतिक वैभवका क्षेत्रहरु र महत्वपूर्ण पुरातात्विक संवेदनशील क्षेत्रहरुमा No Fly Zone तोकिएकोले सो क्षेत्रमा RPA/Droneउडान गर्न पाइने छैन।

(झ) RPA को Specified Endurance १५ मिनेटमा सीमित गर्नुपर्ने, Range प्रयोगकर्ताबाट ३०० मिटर (Horizontal Distance) मा र RPA/Drone उडानलाई १०० मिटर उचाइ (Altitude) सम्म सीमित गर्नुपर्ने र सो मापदण्ड विपरित उडान गरेमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

(ञ) अन्तर्राष्ट्रिय सीमानाको ५ किलोमिटर Horizontal Distance सम्म No Fly Zone तोकिएकोले सो क्षेत्रमा कुनै प्रकारको RPA/Drone उडान गर्न पाइने छैन ।

(ट) व्यवसायिक प्रयोजनका लागि RPA/Drone उडान गर्न सम्बन्धित मन्त्रालयको समेत सिफारिश पत्र पेश गर्नु पर्नेछ।

(ठ) RPA/Droneको Remote Control सञ्चालन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्राप्त Frequency ले सुरक्षा निकायको सञ्चार प्रणालीमा असर पु-याउन नहुने साथै RPA/Drone बाट Data, सुरक्षा निकायसँग स्वतः Share गर्ने व्यवस्था सम्बन्धित पक्षले मिलाउनु पर्नेछ ।

(ड) विपदबाट सृजना भएको विशेष परिस्थिति वा अन्य सङ्कटको समयमा नेपाल सरकारसँग स्वदेशी वा विदेशी विशेषज्ञहरुलाई आवश्यक परे नागरिक उड्डयन प्राधिकरण तथा नेपाल सरकारको स्वीकृतिमा तोकिएको इलाका र समयको लागि विशेष स्वीकृत क्षमताको RPA/Drone उडान गर्न सकिनेछ । यसरी विशेष इजाजतमा RPA/Drone उडान गर्दा Control इलाकामा सुरक्षा/सम्पर्क अधिकृतको रोहवरमा मात्र RPA/Drone उडान गर्नु पर्नेछ ।

(ढ) RPA/Drone द्वारा सुरक्षा खतरा उत्पन्न हुने चिज वस्तु, विस्फोटक पदार्थ, जैविक हतियार, जनावर र मानव ओसारपसार गर्न पाइने छैन ।

(ण) सुरक्षा निकायले RPA/Drone उडान गर्दा सम्बन्धित मन्त्रालय तथा नागरिक उड्डयन प्राधिकरणको समन्वयमा गर्नु पर्नेछ।

(त) उडान अनुमति अन्य व्यक्ति वा संस्थामा हस्तान्तरण हुने छैन ।

(थ) Category C र D को RPA/Drone उडान गर्न तेस्रो पक्ष विमा गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

१७. उडान सम्बन्धी शर्त पालना नगरेमा हुने कारवाही सम्बन्धी व्यवस्थाः

यस कार्यविधिमा उल्लेखित शर्तहरु विपरित RPA उडान गरेको पाइएमा नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ तथा विद्युतीय कारोवार ऐन, २०६३ बमोजिम कारवाही हुनेछ । यसका लागि देहायको कार्यविधि अनुसरण गर्नु पर्नेछः

क) इजाजतपत्र नलिई RPA/Droneउडान गर्नेको हकमा जानकारी प्राप्त हुने वित्तिकै अनधिकृत ड्रोन जफत गरिनेछ । प्रहरी प्रतिवेदन सहित जफत गरिएको ड्रोन अभिलेख राखी नागरिक उड्डयन प्राधिकरणमा पठाउनु पर्नेछ ।नागरिक उड्डयन प्राधिकरणले जफत भएका ड्रोन प्रचलित कानुन/नियमानुसार लिलाम

बिक्री गरी सो को आम्दानी राजस्व खातामा दाखिला गर्नु पर्नेछ र यसको जानकारी जफत गरी पठाउने निकायमा समेत पठाउनु पर्नेछ ।

ख) ड्रोन उडानबाट कुनै व्यक्तिको गोपनीयताको हक हनन भएको वा वैयक्तिक रुपमा क्षति पुगेको भए पीडित पक्षबाट निवेदन लिई प्रचलित कानून बमोजिम कारवाही अगाडी बढाइने छ ।

१८. निरीक्षण तथा अनुगमन

RPA/Drone उडान अनुमति दिने निकायले उडानको निरीक्षण तथा अनुगमन गर्न गराउन सक्नेछ ।

१९. खारेजी र बचाउः

क) Unmanned Aerial Vehicle (UAV) उडान सम्बन्धी कार्यविधि, २०७२ खारेज गरिएको छ ।

ख) खारेज गरिएको कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

ग) यस कार्यविधिमा उल्लिखित मापदण्डहरु प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

२०७८/१०/२५

अनुसुचीहरु

अनुसुची- १

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल

REMOTELY PILOT AIRCRAFT (RPA)/DRONE दर्ता प्रमाण पत्र

नमूना फाराम

देहायको विवरण सहितको RPA/Drone नेपाल नागरिक उड्डयन प्राधिकरणमा दर्ता भएको व्यहोरा प्रमाणित गरिन्छ।

मानव रहित हवाई उपकरण दर्ता नं. Unique Identification Number (UIN):

| | | |
|---|---|---|
| RPA/Drone Specification | Model No. | |
| | MFD by: | |
| | MFD Date: | |
| | MFD In: | |
| | Maximum Takeoff Weight | |
| | Category | |
| | Type of Aircraft | Fixed/Rotary Wing |
| RPA No. *********** | | |
| RPA/Drone धनीको नाम (Name of Owner) | | |
| स्थायी ठेगानाः (Permanent Address) | | |
| अस्थायी ठेगानाः (Temporary Address) | | |
| ईमेलः (Email) | | |
| सम्पर्क नं. (Contact No.) | | |
| जारी मिति (Date of Issue) | | |

दर्ता भएको प्रमाणित गर्नेको व्यक्तिको

नाम थरः

पदः

हस्ताक्षर

कार्यालयको छापः

अनुसूची २
नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय.......
RPA/Drone उडान अनुमति पत्र

**नमूना फाराम**

प.सं.: मिति

च.नं.:

मानव रहित हवाई उपकरण (Remotely Piloted Aircraft (RPA) /Drone उडान कार्यविधि, २०७५ को अधिनमा रही देहायको विवरण सहित तोकिएका शर्तहरुको पालना हुने गरी यो उडान अनुमति जारी गरिएको छ।

१. उडान अनुमति नं.:

२. मानव रहित हवाई उपकरण दर्ता नं. (Unique Identification Number):

३. RPA/Drone धनीको विवरण:

| | |
|---|---|
| नाम | |
| ठेगाना | |
| सम्पर्कनं. | |
| इमेल | |

४. ड्रोन उडानकर्ताको विवरण:

| | |
|---|---|
| नाम | |
| ठेगाना | |
| सम्पर्कनं. | |
| इमेल | |

५. ड्रोनको विवरण

| | |
|---|---|
| Model No. | |
| Category | |
| Maximum Takeoff | |
| Type of Aircraft | Fixed/Rotary wing |
| उडानको अधिकतम उचाई | |
| तौल | |

६. RPA/Drone उडान गरिने क्षेत्र/इलाका:

| क्र.सं. | जिल्ला | स्थानीयतह | वडानं. | विस्तृतचारकिल्ला |
|---|---|---|---|---|
| 1 | | | | |
| 2 | | | | |

७. जारी मिति:

८. अनुमति भुक्तान हुने मिति:

९. यो प्रमाणपत्र वाहकले RPA/Drone उडान कार्यविधि, २०७५ मा उल्लेखित शर्तहरु पूर्ण पालना गर्नुपर्नेछ ।

प्रमाणित गर्नेको
नाम थर:
पद:
हस्ताक्षर:
कार्यालयको छाप: